**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २५ गते बुधबार ❑ 8 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बढी शुल्क लिने निजी विद्यालयमाथि अनुगमन हुँदै

**रासस**
काठमाडौं, २४ चैत

आगामी वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्रको सञ्चालन र मापदण्ड विपरीतको भर्ना शुल्क फिर्ता गराउन सङ्घीय सरकारले स्थानीय सरकारलाई पत्राचार गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई पत्राचार गरी निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन यही चैत २२ गतेको शिक्षा मन्त्रालयको निर्देशन कार्यान्वयन र अनुगमनका लागि आग्रह गरेको हो । इन्धन आपूर्तिको असहजताका कारण वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र सञ्चालन गर्न सोही दिनको नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको थियो। विद्यालय तहको सञ्चालन र अनुगमनका लागि स्थानीय तहलाई संविधानः अधिकार रहेको छ। नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन शिक्षा मन्त्रालयले तदारुकता देखाएको हो। सरकारले विद्यमान कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाएको हो। शिक्षा मन्त्रालयले प्रचलित कानुनअनुसार भर्ना भएपश्चात मात्र स्वीकृत गरिएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीबाट अग्रिम शुल्क असुल गरिएको, साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिएको गुनासो आएपछि कारबाही गर्न पहल गरेको हो। यस्तै एउटै विद्यालयमा एक पटक भर्ना भएपश्चात पनि पटकपटक भर्ना शुल्क लिएको जस्ता गुनासो आएको र सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिकसत्र सुरु नहुँदै भर्ना नगर्न, नियमविपरीत शुल्क नलिन, कानुनी प्रावधानभन्दा बाहिर हुनेगरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कारवाही गर्ने व्यवस्थाका लागि सम्पूर्ण स्थानीय तहलाई पत्राचार गरिएको हो। मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरूपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारवाही हुन सक्नेतर्फ समेत सचेत गराइएको बताउनुभयो।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को (ग) को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लङ्घन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ । शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र सुवेदीले शिक्षा मन्त्रालयबाट भएको निर्देशनलाई कार्यान्वयनका क्रममा शिक्षा विकास तथा समन्वय विकास एकाइद्वारा आवश्यक समन्वय र सहजीकरण गरिने बताउनुभयो । उहाँले वैशाख १५ गतेदेखि मात्रै विद्यार्थी भर्ना गर्न र कक्षा सञचालन गर्न सबै विद्यालयलाई आग्रह गर्नुभयो । अधिकांश निजी विद्यालयमा भर्ना वैशाख १५ अगावै हुने स्थिति देखिन्छ। शिक्षाविद् डा बालचन्द्र लुईंटेलले शैक्षिकसत्रको सञ्चालनमा एकरूपता ल्याउन र निजी विद्यालयको शुल्क व्यवस्थापनमा नियमको पालना गराउनु राम्रो भएको बताउनुभयो । उहाँले भन्नुभयो, "शिक्षा जस्तो सामाजिक क्षेत्रमा नियमन गर्नु अत्यावश्वक छ । विगतका सरकारले भन्दा अहिलेको सरकारले कानुनको कार्यान्वयनमा तदारुकता देखाउनु सकारात्मक हो ।" काठमाडौँको रानीदेवी माध्यामिक विद्यालयका प्रधानाध्यपक नारयणप्रसाद गौतमले वैशाख १५ गतेदेखि शैक्षिकसत्र सुरु गर्ने सरकारको निर्णय आफूहरूले कार्यान्वयन गर्ने तर भर्ना प्रक्रिया त्यसअघि नै थाल्ने तयारी गरेको बताउनुभयो ।उच्चशिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्र आफैँमा महत्वपूर्ण, गरिमामय र संवेदनशील क्षेत्र भएकाले यस्ता विषयमा निर्णय गर्दा सरकारले सरोकार भएका पक्षसँग संवाद गर्नु उचित भएको बताउनुभयो । उहाँले विगतमा शैक्षिकसत्रको एक महिना अगाडिदेखि भर्ना लिइँदै आएकामा यस वर्ष वैशाख १५ देखि शैक्षिकसत्र सञ्चालन भनिएपछि यसको व्यवहारिक कार्यान्वयनमा अन्योल उत्पन्न भएको गुनासो गर्नुभयो । विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिकसत्र सुरु नभएको तथा शिक्षा नियमावली बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेश दिइएको थियो । यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो ।

## गुरुङ समुदायमा ट्होर्टेंको उल्लास

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत



गण्डक क्षेत्रका गुरुङ समुदायले आफ्नो पुस्तैनी पर्व ट्होर्टेंलाई मंगलबार उल्लासपूर्वक मनाइरहेका छन् । बर्सेनि चैत र साउनको अन्तिम मङ्गलबार गुरुङ बाहुल्य बस्तीमा ट्होर्टें पर्वको रौनक छाउने गर्छ। परापूर्व कालमा तमु राज्य जोगाउन बैरीलाई सीमा कटाएको सम्झनास्वरूप यस पर्वको सुरुआत भएको मानिन्छ।

गुरुङ सभ्यता, संस्कृति र पहिचानसँग जोडिएको यस पर्व १५ सय वर्षदेखि अस्तित्वमा रहेको गुरुङ जातिको इतिहासमा उल्लेख छ । आदिमकालमा गुरुङहरू गुफा, गोठ हुँदै बस्ती विकासको सभ्यतामा आएपछि यो पर्वको परम्परा सुरु भएको तमु धिँ नेपालका केन्द्रीय सदस्य एवं भाषा तथा संस्कृति विभागका प्रमुख कृष्णकुमार गुरुङले बताउनुभयो। बस्ती विकास हुँदै तमु राज्य स्थापनाको बेलामा आइपुग्दा ट्होर्टें पर्वले थप व्यापकता पाउँदै गएको उहाँको भनाइ छ । गुरुङ जातिका पूर्वजहरूले आफ्नो बस्ती र राज्यमा दुःख दिने शत्रुवैरीलाई धपाउनका लागि तन्त्रमन्त्र गरी यो पर्व मनाउन सुरु गरेका थिए। तम धिँ नेपालका केन्द्रीय सदस्य श्रीजङ्ग गुरुङले परापूर्व कालमा भूतप्रेत र शत्रुवैरीलाई धपाउन यस पर्वको सुरुआत भए पनि पछिल्लो समय देशमा रहेको बेथिति, बिसङ्गको अन्त्य होस्, मानज जातिको कल्याण होस् भन्ने कामना गरी मनाउने गरिएको बताउनुभयो। मङ्गलबार गुरुङ जातिको पहिचान झल्काउने सांस्कृतिक झाँकीसहित पोखरामा रहेका गुरुङ समुदायले पनि यस पर्वलाई हर्षबढाइँका साथ मनाएको उहाँको भनाइ छ । तमु धिँ नेपालका अध्यक्ष हुम गुरुङका अनुसार गुरुङ भाषामा ट्हो भनेको राज्य वा गाउँबस्ती र टैं भनेको राज्यलाई दुःख दिने शत्रुबैरीलाई सीमा नघाएर राज्य सुरक्षित गरेको अर्थमा लिने गरिएको छ।

"कबिला कालदेखि नै तमु (गुरुङ)का स-साना राज्य रहेको र त्यहाँबाट बैरी धपाउन पितापूर्खाहरूले ट्होर्टें पर्वको प्रचलन बसेको मान्यता गुरुङ समुदायमा छ", उहाँले भन्नुभयो । धमु धिँ नेपालको अगुवाईमा यस पर्वलाई विसं २०५२ देखि व्यवस्थित रूपमा मनाउन थालिएको अध्यक्ष गुरुङले बताउनुभयो । ट्होर्टेंमा प्रकृति पूजा गर्ने चलन रहेको छ । यस पर्वमा गुरुङहरू आफ्ना परम्परागत बाजागाजासहित जातिय पहिरनमा सजिएर झाँकीमा सहभागी हुने गर्छन् । ट्होर्टेंमा घाटु, सोरठी, चुट्का, कृष्ण चरित्रलगायत मौलिक संस्कृति प्रर्दशन गरिन्छ । यस पर्वमा गुरुङ जातिले प्रयोग गर्ने पुराना हातहतियार, पोशाक, बाजा, झ्याली, चोपडी, सुलाची, चिम्टालगायत सामग्री पनि प्रदर्शन गर्ने गरिएको छ। मौलिक वेशभुषामा सजिएर गुरुङहरू झाँकीमा सहभागी हुने गर्छन् । झाँकीमा युवादेखि बयस्कसम्मको सहभागिता रहने गर्छ। यस पर्वका दिन राति समूहमा बाजागाजा बजाउँदै गाउँ डुल्दा राक्षस र भूतप्रेत भाग्छन् भन्ने किम्बदन्ती छ। ट्होर्टेंमा आफ्ना पितृको स्मरण सँगसँगै प्रकृतिको पूजाआजा गर्ने चलन रहेको छ । गुरुङ राज्य र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अन्नपूर्ण केबलकारको तेस्रो वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

पोखराको अन्नपूर्ण केवलकार लिमिटेडको तेस्रो वार्षिक साधारण सभा हालै पोखरामा सम्पन्न भएको छ।

साधारण सभाको सुरुवातमा कम्पनीका सञ्चालक आजाद श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै कम्पनीले निकट भविष्यमा प्रारम्भिक सार्वजनिक निष्काशन (आईपीओ) मा जाने तयारी गरिरहेको जानकारी दिनुभयो। उहाँले सो प्रक्रिया अघि बढाउन आवश्यक कागजातहरू मिलाउने क्रममा यो साधारण सभा महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । सभामा कम्पनीका महाप्रबन्धक दिनेश पौडेलले केबलकारको हालसम्मको कार्यप्रगति तथा उपलब्धिहरूको विस्तृत विवरण प्रस्तुत गर्नुभयो। उहाँले परियोजनाको विकास, सेवा विस्तार तथा आगामी योजनाबारे जानकारी गराउनुभयो। कार्यक्रमका क्रममा सञ्चालक समितिका अध्यक्ष कालु गुरुङद्वारा प्रस्तुत वासलात तथा नाफा-नोक्सान विवरणमाथि शेयरधनीहरूबाट उठेका जिज्ञासाहरूको समाधान गरिएको थियो। आवश्यक छलफलपछि उक्त वित्तीय प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरिएको कम्पनीले जनाएको छ । अन्त्यमा अध्यक्ष गुरुले सम्पूर्ण शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्दै सभा समापन गर्नुभयो।पोखराको लेकसाइडस्थित सेती बगरबाट सञ्चालनमा रहेको अन्नपूर्ण केबलकारले करिब ९ मिनेटमै पर्यटकीय गन्तव्य सराङकोट पुऱ्याउने सुविधा प्रदान गर्दै आएको छ। यात्राका क्रममा हरियाली वन, फेवाताल, पोखरा उपत्यका, नयाँ अन्तर्राष्ट्रिय विमानस्थल तथा हर्पन खोलाको आकर्षक दृश्य अवलोकन गर्न सकिन्छ । माथिल्लो स्टेशनबाट छोटो पैदल यात्रापछि सराङकोट धाम पुग्न सकिन्छ, जहाँबाट अन्नपूर्ण र माछापुच्छे हिमशृङ्खलाको मनमोहक दृश्य अवलोकन गर्न पाइन्छ। सूर्योदय र सूर्यास्तका लागि सराङकोट विशेष आकर्षणको केन्द्र मानिन्छ।

केबलकार सेवाका लागि लेकसाइडबाट निःशुल्क सटल बस सुविधा उपलब्ध रहेको छ। दुईतर्फी टिकट दर ७०० रुपैयाँ र एकतर्फी टिकट दर ४०० रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ।

## प्रेस रजिष्ट्रारको कार्यालय गण्डकीले सुरु गऱ्यो पत्रकार लेखनवृत्ति कार्यक्रम


**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

गण्डकी प्रदेश सरकारअन्तर्गत रहेको प्रेस रजिष्ट्रारको कार्यालयले पत्रकार लेखनवृत्ति कार्यक्रम सुरु गरेको छ । प्रदेशमा क्रियाशील पत्रकारहरूलाई खोजमूलक, अनुसन्धानमूलक र आलेखजन्य सामग्री उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको हो।

लेखनवृत्ति प्रदानका लागि छुट्टै कार्यविधि बनाएर काम थालिएको प्रेस रजिष्ट्रार विमला भण्डारीले बताउनुभयो । चालु आर्थिक वर्षमा प्रदान गरिने लेखनवृत्तिका लागि इच्छुक पत्रकारहरूलाई आवेदन दिन गत आइतबार १५ दिने सूचना प्रकाशन गरिएको उहाँको भनाइ छ । लेखनवृत्ति कार्यक्रममा सहभागी हुनलाई प्रदेशभित्र सञ्चारमाध्यममा कार्यरत पत्रकार हुनुपर्ने प्रावधान राखिएको छ। कुनै सञ्चारमाध्यममा आबद्ध नभए पनि तीन वर्षदेखि पत्रकारितामा क्रियाशील रहेको स्वतन्त्र पत्रकारले पनि आवेदन दिन सक्ने प्रेस रजिष्ट्रारको कार्यालयले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम र पत्रकार लेखन वृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ बमोजिम लेखनवृत्ति प्रदान गर्न लागिएको प्रेस रजिष्ट्रार भण्डारीले बताउनुभयो । लेखनवृत्ति कार्यक्रममा छापा, रेडियो, टेलिभिजन, अनलाइन र फोटो पत्रकारितामा सक्रिय पत्रकारलाई समेटिने भएको छ । लेखनवृत्ति कार्यक्रममा सहभागी हुन चाहने पत्रकारले कार्यविधिले तोकेबमोजिमको निवेदन, कार्यक्षेत्र, अनुभव र जिम्मेवारी खुल्ने विवरण, लेखन तथा प्रसारण गर्न चाहेको विषयको ३०० शब्दसम्मको अवधारणा, पत्रकार परिचयपत्रको प्रतिलिपि स्वतन्त्र पत्रकारको हकमा ३ वर्ष क्रियाशील रहेको प्रमाण, नागरिकता र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्ने जनाइएको छ।

छनोट भएका पत्रकारले कार्यविधिले तोकेको समयभित्र खोजमूलक सामग्री तयार गरी प्रकाशन वा प्रसारण गर्नुपर्ने प्रेस रजिष्ट्रारको कार्यालयले जनाएको छ। छनोट हुने पत्रकारलाई प्रतिव्यक्ति बढीमा रु २५ हजार प्रदान गरिने भएको छ । विज्ञहरूको समितिले लेखनवृत्ति प्राप्त गर्ने पत्रकाहरूको नाम छनोट गर्नेछ।

# एक महिनामा ४८ हजार पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिए

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

दोस्रो मुख्य पर्यटकीयाम सुरु भएसँगै अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको चहलपहल बढेको छ।

गत मार्च महिनामा ४८ हजार ५१३ जना विदेशी पर्यटकले उक्त क्षेत्रका विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ । तीमध्ये दक्षिण एसियाली मुलुकका ३२ हजार २० र अन्य देशका १६ हजार ४९३ पर्यटक रहेका छन् । सन् २०२५ को मार्च महिनाको तुलनामा यस वर्ष ११ हजार ६७९ पर्यटक बढेको आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो ।

पछिल्लो समय यस क्षेत्रमा पर्यटक आगमनमा वृद्धि भइरहेको उहाँको भनाइ छ। "नेपाल भित्रिने विदेशी पर्यटकमध्ये ४० प्रतिशत अन्नपूर्ण क्षेत्रको भ्रमणमा आउने गरेका तथ्याङ्कले देखाएको छ", उहाँले भन्नुभयो, "यहाँ आउने दक्षिण एसियाली पर्यटकमा भारतीयको सङ्ख्या बढी छ ।" नेपालमा मार्चदेखि मेसम्मको महिनालाई दोस्रो मुख्य पर्यटकीयामका रूपमा लिइन्छ । नयाँ वर्ष आउन लागेको र वार्षिक परीक्षापछि शैक्षिक संस्थामा पनि बिदा हुने भएकाले यस याममा आन्तरिक पर्यटकको चहलपहल पनि बढ्ने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। पदयात्रा गर्न रुचाउने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो याम उत्तम रहेको उहाँको भनाइ छ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ। सडक मार्ग भएर बर्सेनि ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक यस क्षेत्रमा भित्रने गरेका छन्। यहाँको अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोरेपानी, पुनहिलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थल पर्यटकको रोजाइमा पर्ने गरेको छ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् । अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वमै प्रसिद्ध मानिन्छ। प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देशविदेशका यस क्षेत्र परिचित छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ।




माछापुच्छ्रे हिमशृङखला : पोखरा अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट मङ्गलबार बिहान देखिएको माछापुच्छ्रे हिमशृङखला र वरपरका दृश्यहरु तस्विर: देवेन्द्र गुरुङ/रासस

# पोखरामा पहिलो पटक महिला गोल्डकप आयोजना हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

पोखरामा पहिलो पटक महिला गोल्डकप फुटबल प्रतियोगिता आयोजना हुने भएको छ।

महिला फुटबल प्रतियोगिताको अभाव खेप्दै आएको पोखरामा अब भने यस्तो प्रतियोगिता सञ्चालन हुने निश्चित भएको हो।

महिला फुटबलको व्यावसायिक विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ आरएस पोखरा फुटबल क्लबको आयोजनामा उक्त प्रतियोगिता हुन लागेको हो। प्रतियोगिताको तयारी तीव्र पारिएको छ भने आगामी वैशाख दोस्रो सातादेखि सञ्चालन गर्ने तयारी भइरहेको जानकारी सोमबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले दिएको छ । कार्यक्रममा पोखरा महानगरपालिका-२५, हेम्जाका वडा अध्यक्ष तथा महानगरका प्रवक्ता मोतीलाल तिम्सिनाले पोखरामा महिला गोल्डकप आयोजना हुनु गौरवको विषय भएको बताउँदै वडा तथा महानगरबाट आवश्यक सहयोग रहने प्रतिबद्धता जनाए।




प्रतियोगितामा ए डिभिजन क्लबहरूसँगै मोफसलका टिमहरूको समेत सहभागिता रहनेछ। आरएस फुटबल क्लबका अध्यक्ष रमेश कार्कीले पोखरामा महिला फुटबल गतिविधि न्यून रहेकाले प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिए।

उनले भने, "नेपाली फुटबललाई अहिले जोगाएकै महिला फुटबलले हो। राष्ट्रिय टोलीको प्रदर्शनले देशभर आशा जगाएको छ तर पोखरामा महिला स्तरको ठूला प्रतियोगिता नहुनु दुःखद कुरा हो। हामीले महिला खेलाडीको विकास र फुटबलको उत्थानका लागि क्लब स्थापना गरेका हौं ।" उनका अनुसार प्रतियोगितामा राष्ट्रिय तथा अन्तर ष्ट्रिय स्तरका खेलाडीहरूको सहभागिता रहनेछ। साथै, दीर्घकालीन खेल विकासका लागि फुटबल एकेडेमी स्थापना गर्ने योजना पनि क्लबले अघि सारेको छ । प्रतियोगिता सञ्चालनका लागि करिब ४५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।

तयारी सुरु भइसकेको जनाउँदै आयोजकले सबै सरोकारवालासँग सहयोगका लागि आग्रह गरेको छ। आरएस पोखरा फुटबल क्लबले पछिल्लो समय देशभर आयोजना हुने महिला फुटबल प्रतियोगिताहरूमा सक्रिय सहभागिता जनाउँदै आइरहेको छ।

# अण्डर-२० फुटसल प्रतियोगिता सम्पन्न, न्युरोड क्लब विजयी

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत



न्युरोड युवा क्लब र पोखरा महानगरपालिका वडा नं. ९ को संयुक्त आयोजनामा शुक्रबार र शनिबार आयोजित फुटसल प्रतियोगिताको विजेता न्युरोड फुटबल क्लब बनेको छ भने उपविजेता सहारा फुटबल क्लब भएको छन्।

विजेता टिमले नगद ३० हजार, ट्रफी र मेडल र उपविजेताले १५ हजार ट्रफी र मेडल हात पारेका छन्।

त्यसै गरी उत्कृष्ट गोल रक्षकको ट्रफी सिद्धान्त श्रेष्ठले पाउन सफल भए भने उत्कृष्ट खेलाडीको ट्रफी गौरब थापाले प्राप्त गर्न सफल भएका थिए।

पोखरा महानगरपालिका वडा नं. ९ मा आयोजित अण्डर-२० फुटसल प्रतियोगिता आयोजना गरिएको हो । युवाहरूको खेल प्रतिभा अभिवृद्धि गर्ने उद्देश्यसहित प्रतियोगिता सञ्चालन गरिएको थियो।चैत २१ र २२ गते सम्पन्न उक्त प्रतियोगितामा कुल ३८ टिमको सहभागिता रहेको आयोजकले जनाएको छ।

प्रतियोगिताको उद्घाटन तथा समापन कार्यक्रम वडा नं. ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यतामा भएको थियो । प्रतियोगितालाई सफल बनाउन फिटनेस पार्टनर पम्प एण्ड आइरन जिम, मेडिकल पार्टनर कास्की मोडल हस्पिटल, स्ट्राटेजिक पार्टनर वेष्ट ब्वाइज क्लब भिमाद, डेन्टल पार्टनर मोडल डेन्टल केयर साथै गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले विशेष सहयोग प्रदान गरेको थियो।

प्रतियोगिताको प्रत्यक्ष प्रसारण लामाचौर फुटसलबाट गरिएको थियो, जसले दर्शकहरूलाई खेल प्रत्यक्ष हेर्ने अवसर प्रदान गरेको थियो । आयोजकका अनुसार प्रतियोगिताले स्थानीय स्तरमा खेलकुद विकास, युवाहरूमा अनुशासन र प्रतिस्पर्धात्मक भावना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्याएको छ।

# होटल व्यवसायी महासंघको महाधिवेशन यही चैत २७ र २८ गते पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

होटल व्यवसायी महासङ्घ नेपालले आफ्नो १३ औं वार्षिक साधारणसभा तथा ५ औं महाधिवेशन यही चैत २७ र २८ गते पोखरामा गर्ने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ।

मङ्गलबार आयोजित पत्रकार सम्मेलनमार्फत महासङ्घले देशभरका होटल व्यवसायीहरूलाई पोखरामा भेला हुन आह्वान गरेको छ।

महासङ्घका अध्यक्ष दिनेश कुमार चुकेका अनुसार महाधिवेशनमा देशभरबाट करिब १०० सङ्घका ५०० प्रतिनिधि र २०० पर्यवेक्षक सहभागी हुनेछन्। यससँगै देशभरका होटल व्यवसायीहरू पोखरा भेलामा सहभागी हुन जुट्ने भएका छन्।

महाधिवेशनअघि चैत २५ गते सचिवालय बैठक र २६ गते कार्यसमिति तथा सल्लाहकार बैठक बस्ने कार्यक्रम तय गरिएको छ महासङ्घले होटल, रेस्टुरेन्ट, बार तथा रिसोर्ट व्यवसायले पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको उल्लेख गरेको छ साथै, व्यवसायमैत्री नीति निर्माण, कर प्रणाली सरलीकरण र प्रशासनिक झन्झट अन्त्य गर्न सरकारसँग माग समेत गरिएको छ। व्यवसायीहरूले भोग्दै आएका समस्या–उच्च कर, बढ्दो भाडादर, दक्ष जनशक्तिको अभाव–समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको महासङ्घले जनाएको छ साथै, व्यवसायीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा कार्यक्रम सञ्चालन गर्ने योजना पनि अघि सारिएको छ।

आगामी दिनमा सङ्गठन सुदृढीकरण, सदस्यता विस्तार, डिजिटल प्रविधिको प्रयोग तथा नयाँ पर्यटकीय गन्तव्य विकासमा केन्द्रित कार्यक्रम सञ्चालन गरिने महासङ्घले स्पष्ट पारेको छ।

पत्रकार सम्मेलनमा महासङ्घका वरिष्ठ उपाध्यक्ष शेर बहादुर थापा, महासचिव टी.आर. भण्डारी 'शंकर' लगायतले पनि आफ्ना धारणा राखेका थिए।

# गुरुङ ...

गाउँबस्तीमा कसैले आक्रमण नगरोस्, दुःख नदेओस् भनेर परापूर्वकालदेखि ट्होटेँ पर्व मनाउन सुरु गरिएको अध्यक्ष गुरुङले बताउनुभयो। यो पर्व मनाउनाले गाउँलेको भलो हुने खेतीबाले सप्रने, रोगव्याधि हट्ने र प्राकृतिक विपत्ति नआउने जनविश्वास रहेको छ। पोखरासहित यस क्षेत्रका १४८ गुरुङ गाउँ र समाजघरमा ट्होटेँ पर्व मनाइएको हो । गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट पोखरा झरेका गुरुङहरूले ट्होटेँ पर्वलाई संरक्षण गरेका छन् । चैतमा उभौली र साउन उधौलीका रूपमा यो पर्वलाई मनाउने गरिन्छ । ट्होटेँले सामाजिक एकता र भातृत्वको सन्देश दिने गरेको गुरुङ अगुवा बताउँछन् । ट्होटेँ पर्वले तमु समुदायलाई आफ्नो इतिहासको पनि स्मरण गराउने गरेको उनीहरूको भनाइ छ। विसं २०४२ मा तमु धिँ नेपाल गठन भएपछि पोखरामा गुरुङसंस्कृतिरसंस्कारको जगेर्नामा यो समुदाय जागरुक बनेको हो । ट्होटेँका अवसरमा मङ्गलबार कास्कीको अन्नपूर्ण, मादी गाउँपालिका, स्याङ्जाको फेदीखोला गाउँपालिकालगायत स्थानीय तहले सार्वजनिक बिदासमेत दिएका छन् । मौलिक सांस्कृतिक पर्वका रूपमा रहेको ट्होटेँलाई कास्की, पर्वत, तनहुँ, स्याङ्जालगायत देशभरका गुरुङ समुदायले हर्षोल्लासपूर्वक मनाउने गर्छन् ।

# बुधबार धेरै स्थानमा वर्षा हुने, पश्चिममा बढी

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

जल तथा मौसम विज्ञान विभागले भोलि बुधबार देशका विभिन्न ठाउँमा चट्याङ, हावाहुरी, असिनासहित वर्षा र हिमपात हुने भन्दै सावधानी अपनाउन अनुरोध गरेको छ।

विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले एक-दुई ठाउँमा भारी वर्षा वा हिमपात हुने सम्भावना पनि रहेको जानकारी दिनुभयो । उहाँले हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको तथा भोलिदेखि थप बढ्ने भएकाले मौसमको अवस्थाअनुसार सावधानी अपनाएर काम कारबाही गर्न अनुरोध गर्नुभएको छ। यसको असर पश्चिम नेपालमा बढी रहेको र ती क्षेत्रमा भने बिहानैबाट असर गर्ने बताउनुभयो । उहाँका अनुसार दिउँसो त्यसको असर काठमाडौँमा पनि आइपुग्ने छ। विभागले मंगलबार साँझ जारी गरेको बुलेटिनअनुसार बुधबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लाग्ने तथा बाँकी भू-भागमा साधारणतया बादल लाग्ने जनाइएको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा कोशी र बागमती प्रदेशको पहाडी र हिमाली भू-भागका केही स्थानहरूमा, मधेस प्रदेशलगायत कोशी र बागमती प्रदेशको तराई भू-भागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

यता गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू-भागको एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना रहेको पनि मौसमविद् लामिछानेले बताउनुभयो।

पिनासका लक्षणहरू:
◆नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
◆आँखाको अगाडी र तलको भाग दुख्नु,
◆नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
◆ विहानको समयमा टाउको बढी दुख्नु,
◆सुँघ्ने शक्ति कमजोर हुनु,
◆ नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
◆ थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी । लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निस्सन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७९५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# टालटुले तरिकाबाट समाधान हुँदैन

इन्धन संकट बढ्दै जान थालेपछि सरकारले सातामा दुई दिन बिदा दिने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रीपरिषद्को बैठकले गरेको निर्णय कार्यान्वयनमा आइसकेको छ । साविकमा सातामा शनिबार मात्र बिदा हुने गरेकोमा अब आइतबार थपिएको छ । कार्यालय खुलेका साताको पाँच दिन भने समय बिहान ९.०० बजे सुरु भई अपराह्न ५.०० बजेसम्म हुने छ । नेपालमा राणाकालदेखि नै शनिबार बिदा दिने चलन सुरु भएको हो । शुक्रबार भने साविकभन्दा अलि चाँडो बिदा दिने गरिएको थियो । अब शुक्रबार पूरै कार्यालय समय रहने छ ।

अमेरिका र इजरायलको इरानसँग जारी युद्धले पश्चिम एसिया एक महिनाभन्दा बढी समयदेखि अशान्त छ । यो अशान्तिले तेल उत्पादन र आपूर्ति शृं लामा गम्भीर अवरोध खडा गरेको छ । कच्चा तेलको मूल्य १० देखि २० प्रतिशतले बढेको छ । भाउ बढ्ने मात्र होइन, खाडी मुलुकबाट तेल आपूर्ति हुने हर्मुज जलघाँटीलगायतको मार्गमा अवरोध सिर्जना भएको छ। विश्व तेल बजारमा २५ प्रतिशतसम्म आपूर्ति हुने हर्मुज जलमार्गमा इरानको नियन्त्रण रहेको छ । सो जलमार्गमा युद्धले अवरोध सिर्जना हुँदा पूर्वी तथा दक्षिण एसियामा आउने तेलको मात्रमा कमी आएको छ । नेपालले इन्धन आयात छिमेकी मुलुक भारतबाट गर्दै आएको छ । भारतले बाहिरबाट कच्चा तेल ल्याएर प्रशोधन गरी आन्तरिक खपतका साथै नेपाललाई समेत आपूर्ति गर्दै आएको छ । नेपाल भारत निर्भर हुककदा बेला बेलामा इन्धन अभाव बेहोर्नुपरेको छ।

इन्धनको बढ्दो मूल्यसँगै नेपाल आयल निगमको घाटा बढ्दो छ। इन्धन कम खपत गर्ने रणनीति अख्तियार अनिवार्य हुँदै गएको छ। दुई दिन बिदा दिने निर्णयले केही हदसम्म इन्धन खपत घटाउन सक्ने भए पनि वाञ्छित रूपमा इन्धन खपत कम गर्न सक्ने अवस्था देखिन सकेको छैन । कतिपय एसियाली मुलुकले इन्धन खपत कम गर्न साताको तीन दिनसम्म बिदा दिने गरेका छन् । कतिपय काम घरबाटै गर्ने प्रबन्ध पनि गरेका छन् तर पनि तेलको सङ्कट व्यवस्थापन असहज नै हुँदै गएको छ। दुई दिन बिदाले सेवाग्राहीमा के कस्तो असर पर्छ भन्ने अवस्थाको समीक्षा पनि जरुरी भएको छ । स्मरणयोग्य के छ भने साताको दुई दिन बिदा दिने निर्णय नेपालमा नौलो भने होइन ।

विगतमा पनि अभ्यास भएको थियो। विसं २०५६ मा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले सातामा दुई दिन बिदा दिने निर्णय कार्यान्वयनमा ल्याएको थियो। प्रशासनिक सुधार आयोगको सिफारिस अनुसार शनिबार र आइतबार बिदा दिन थालियो । पहिलो चरणमा काठमाडौं उपत्यकाभित्रका सरकारी कार्यालयमा साताको दुई दिन बिदा दिन थालियो । यो परीक्षण लामो समय रहेन । सेवाग्राहीको सास्ती अझ बढेको भन्दै एक वर्षपछि अवस्था साविकमै फर्कियो। पछि पनि इन्धनको खपत कम गर्न साताको दुई दिन बिदा दिने निर्णयले निरन्तरता पाएन ।

तेस्रो पटक सरकारले साताको दुई दिन बिदा दिने निर्णय चैत २३ गते सोमबारदेखि कार्यान्वयनमा आएको छ । संसारका धेरै देशमा साताको दुई दिन शनिबार र आइतबार बिदा दिने प्रचलन कार्यान्वयनमै छ । बाँकी पाँच दिन सेवाग्राहीको गुनासो नआउने गरी नै काम हुन्छ । यसले साताको दुई दिन फुर्सदमा घरपरिवार तथा पर्यटकीय गतिविधिमा समय खर्चिने हुँदा अर्थतन्त्रमा पनि योगदानको राम्रै अभ्यास देखिन्छ। नेपालमा यो पटक भने इन्धनको खपत न्यूनीकरणका निम्ति बिदाको नयाँ नियम लागु गरिएको हुककदा पर्यटन प्रवर्द्धन हुन सक्दैन। सरकारी सवारीसाधन साताको दुई दिन नचल्दा इन्धन बचत धेरै हुन सक्दैन। कार्यालय जाने कर्मचारी घरमै बस्दा सार्वजनिक सवारीसाधनमा पनि चाप कम भई इन्धनको माग घटाउन सक्ने छ ।

बैङ्क तथा वित्तीय संस्था पनि साताको दुई दिन नै बिदा दिइँदा इन्धन बचतमा केही राहत हुने नै देखिन्छ तर पनि निजी क्षेत्रका कतिपय कार्यालय तथा कलकारखाना भने खुल्नै पर्छ । अर्थतन्त्र चलायमान बनाउन पनि यो जरुरी नै छ । अब विद्युतीय ऊर्जाको उत्पादन र प्रयोगलाई बढोत्तरी दिने नीति, योजना र कार्यक्रम अगाडि बढाउनु पर्छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# धार्मिक पर्यटकीयस्थल मालिका जोड्ने तेस्रो सडकको पनि मार्ग खुल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ चैत

म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल मालिका धुरी तीनतर्फबाट सडक सञ्जालमा जोडिएको छ ।

समुद्री सतहदेखि तीन हजार ४०० मिटर उचाइमा रहेको मालिका मालिका र रघुगङ्गा गाउँपालिकाको सिमानामा अवस्थित छ । मङ्गला गाउँपालिका-२ हिदीदेखि मालिकाको फेदीमा रहेको जुगेदेउराली जोड्ने सडकको मार्ग खुलेपछि यातायातको साधन प्रयोग गरेर मालिका जाने भक्तजन र पर्यटकका लागि तेस्रो विकल्प बनेको हो। मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि बिम बाइन्दफाँट हुँदै मालिका जोड्ने सडक विसं २०८० र रघुगङ्गा गाउँपालिकाको ठाडाखानी हुँदै मालिकाको फेदीसम्म विसं २०८१ मा सडक पुगेको थियो । मङ्गला गाउँपालिका र हिदीका बासिन्दाहरूको साझेदारीमा हिदीदेखि सुर्ती चढाउने डाँडा, गिद्रे देउराली, धौलेखर्क हुँदै मालिकाको फेदीमा रहेको जोगी देउराली जोड्ने चार किलोमिटर ५०० मिटर दूरीको सडकको मार्ग खुलेको निर्माण समितिका अध्यक्ष थमप्रसाद पुनले बताउनुभयो । "गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु ३० लाख बजेटबाट ठेक्कामार्फत हिदीदेखि सुर्ती चढाउने डाँडासम्म दुई किलोमिटर ५०० मिटर सडकको मार्ग खुलेको थियो", उहाँले भन्नुभयो, "हिदीका बासिन्दा र स्वदेश तथा विदेशमा रहेकाहरूबाट चन्दा सहयोग जुटाएर सुर्ती चढाउने डाँडादेखि गिद्रे हुँदै जुगेदेउराली जोडिएको सडकको ग्रेड र घुम्ती मिलाउने काम भइरहेको छ।" सडक सुधारको सबै काम सकिएपछि चन्दा सङ्कलन अभियान, आम्दानी र खर्च विवरण सार्वजनिक गरिने पुनले बताउनुभयो । हिदीबाट एक घण्टामै मालिका पुग्न सकिने उहाँले बताउनुभयो । जोगी देउरालीसम्म गाडी चल्न थालेपछि बेनीदेखि हिदी हुँदै चार घण्टामा मालिका पुग्न सकिने भएको हो । पैदलयात्रा गरेर हिदीदेखि मालिका पुग्न चारदेखि पाँच घण्टा लाग्ने गरेको थियो । यातायातको सुविधा भएमा यात्राअवधी दुई घण्टामा छोटिने र यो सडक बेनीदेखि मालिका जोड्ने सबैभन्दा छोटो दूरीको हुने हिदीबासीको दाबी छ ।

मालिकाबाट धौलागिरि र अन्नपूर्ण रेञ्जका दर्जन बढी हिमालहरूका साथै सूर्योदय, सूर्यास्त, पहाडी भूगोल र वनजङ्गलको अवलोकन गन सकिन्छ । चण्डी, जेष्ठी र कार्तिक पूर्णिमामा विशेष दर्शन र पूजाआजा हुने यस मन्दिरमा मनोकांक्षा पूरा हुने जनविश्वास छ । विसं १९१० देखि पूजाआजा हुन थालेको इतिहास रहेको मालिकामा कालिका, मालिका र जालपादेवीको मूर्ति रहेका छन् ।

# बुधबार धेरै स्थानमा वर्षा हुने, पश्चिममा बढी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

जल तथा मौसम विज्ञान विभागले भोलि बुधबार देशका विभिन्न ठाउँमा चट्याङ, हावाहुरी, असिनासहित वर्षा र हिमपात हुने भन्दै सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले एक-दुई ठाउँमा भारी वर्षा वा हिमपात हुने सम्भावना पनि रहेको जानकारी दिनुभयो । उहाँले हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको तथा भोलिदेखि थप बढ्ने भएकाले मौसमको अवस्थाअनुसार सावधानी अपनाएर काम कारबाही गर्न अनुरोध गर्नुभएको छ ।

यसको असर पश्चिम नेपालमा बढी रहेको र ती क्षेत्रमा भने बिहानैबाट असर गर्ने बताउनुभयो। उहाँका अनुसार दिउँसो त्यसको असर काठमाडौंमा पनि आइपुग्ने छ। विभागले आज साँझ जारी गरेको बुलेटिनअनुसार बुधबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लाग्ने तथा बाँकी भू-भागमा साधारणतया बादल लाग्ने जनाइएको छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा कोशी र बागमती प्रदेशको पहाडी र हिमाली भू-भागका केही स्थानहरूमा, मधेस प्रदेशलगायत कोशी र बागमती प्रदेशको तराई भू-भागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

यता गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू-भागको एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना रहेको पनि मौसमविद् लामिछानेले बताउनुभयो। मधेस, लुम्बिनी, गण्डकी, बागमती र कोशी प्रदेशको पहाडी र तराई भू-भागमा केही स्थानहरूमा हावाहुरीको पनि सम्भावना रहेको उहाँले बताउनुभएको छ। बिहीबार पनि बदली कायम रहने छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, भद्रकाली मा.वि. स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भद्रकाली मा.वि. स्तरोन्नति
ठेगानाः पोखरा-१३, भद्रकाली
योजना सम्झौता मिति : २०८२/०९/१७ गते
योजना सुरु मितिः २०८२/०९/१८ गते
योजना सम्पन्न मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. १६,६६,६६७।-
महानगरपालिकाबाटः रु. १५,००,०००।-
जनसहभागिताबाटः रु. १,६६,६६७।-
उपभोक्ता समिति अध्यक्षः दिपक गुरुङ
सम्पर्क नं.: ९८५६०३०४८२
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**भद्रकाली मा.वि. स्तरोन्नति उपभोक्ता समिति**
**पोखरा-१३**


# श्रवण क्षमता नभएर रोकेन अमृत र हेमराजलाई 'रेष्टुरेन्ट' सञ्चालन गर्न

**रासस**
म्याग्दी, २४ चैत

बेनी नगरपालिका-४ सिङ्गा पौडेल चोकमा श्रवण क्षमता नभएका अमृत र हेमराज शर्मा 'रेष्टुरेन्ट' व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर बन्नुभएको छ ।

बागलुङका ३५ वर्षीय अमृत र ४२ वर्षीय हेमराजले शारीरिक अशक्तताले रोजगारी, व्यवसाय र अवसरलाई छेक्न सक्दैन भन्ने उदाहरण प्रस्तुत गर्नुभएको हो । नाताले आफन्त पर्ने अमृत र हेमराजले सिङ्गाको पौडेलचोकमा संयुक्त रूपमा सञ्चालन गरेको 'साङ्केतिक भाषा खाजा घर'ले उनीहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाएको हो ।

जन्मजात श्रवण क्षमता नभएका शर्माद्धय साङ्केतिक भाषा र शब्द लेखेर उपभोक्ताहरूसँग संवाद गर्नुहुन्छ । चिया, खाजा, जेरी, तरकारी, याममा अरिङ्गाल, माछा, मासु र खानाका परिकार उहाँहरू आफैं तयार पार्नुहुन्छ । स्थानीयवासी, वडा कार्यालय, विद्यालय, बेनी-दरवाङ सडकको यात्रा गर्ने सर्वसाधारण, व्यवसायीहरू उक्त रेष्टुरेष्टका ग्राहक हुन् । टाढाबाट आउने ग्राहकले मोबाइलमा सन्देश पठाएर खाना, खाजाका परिकार 'अर्डर' गर्छन् । सामाजिक सञ्जालमा भिडियो कल गरेर पनि सुाङ्केतिक भाषामा ग्राहकले कुराकानी गर्छन् । फोन आयो भने छिमेकीलाई उठाउन लगाएर उहाँहरूमार्फत सूचना लिने गरेको अमृतले लेखेर जानकारी गराउनुभयो । म्याग्दीका जलविद्युत् आयोजनाहरूमा परामर्शदाताका रूपमा काम गर्दै आउनुभएका शङ्कर बस्यालले सरसफाइ र आत्मीय व्यवहारका कारण साङ्केतिक भाषा खाजाघरलाई रोजेको बताउनुभयो ।

"उहाँहरू नबोले पनि ग्राहकको भावना बुझेर नम्र व्यवहार गर्नुहुन्छ", उहाँले भन्नुभयो "ठाउँको सरसफाइ र परिकार 'हाइजेनिक' हुने भएकाले राम्रो लाग्छ ।"

दैनिक पाँच हजार रुपैयाँको हाराहारीमा व्यापार गर्ने शर्माद्वयले उक्त आम्दानीबाट व्यवसायलाई निरन्तरताका साथै घरव्यवहार चलाएको बताउनुभयो । दसैं, तिहार र चाडपर्वका समयमा व्यापार अलि बढी हुन्छ । हेमराजको घरमा श्रीमती र एक छोरी छन् । अमृतकी श्रीमतीको पनि श्रवण क्षमता छैन । अमृतका घरमा श्रीमती र एक छोरा छन् । हेमराजले कक्षा ५ सम्मको अध्ययन गर्नुभएको छ भने अमृतले १२ कक्षा उत्तीर्ण गर्नुभएको छ । उहाँहरूका परिवार बागलुङमै बस्नुहुन्छ । धवलागिरि माविको बहिरा स्रोत कक्षाका शिक्षक शङ्कर पाण्डेको सहयोगमा हेमराज र अमृत १० वर्षअघि सिङ्गामा आउनुभएको थियो । शर्माद्वयको सानैदेखि खानाका परिकार बनाउन रुचि थियो । घारबाट रु तीन लाख ल्याएर घर भाडामा लिएर व्यवसाय सुरु गरेको अमृत सम्झनुहुन्छ । हाल उहाँहरूको व्यवसायमा करिब रु १० लाखको लगानी छ । सीप र व्यवसायमा आबद्ध भएकाले घरव्यवहार चलाउन सहज भएको शर्माद्वयको अनुभव छ । पौडेलचोकका यादवप्रसाद पौडेलले अमृत र हेमराजले हातमा सीप र व्यावसायिक कला तथा साहस हुने हो भने शारीरिक प्रतिकूलताका बाबजुद आत्मनिर्भर र स्वरोजगार बन्न सकिने सन्देश दिएका बताउनुभयो। "अमृत र हेमराजले हातमा भएको सीपको सदुपयोग गर्न जान्ने हो भने जीवन चलाउन अरुमा निर्भर हुनुपर्दैन भन्ने सन्देश दिनुभएको छ", उहाँले भन्नुभयो "उहाँहरूले व्यवसायबाट हासिल गरेको सफलताबाट धेरैका लागि उदाहरणीय बन्न सक्छ।"

हाल भाडाको घरमा व्यवसाय गर्दै आएका उहाँहरूले व्यवसाय विस्तार गर्दै लैजाने योजना बनाउनुभएको छ । पुँजीको अभाव र सबै ग्राहकले साङ्केतिक भाषा नबुझ्नु उहाँहरूका लागि व्यवसायमा चुनौती बनेको छ ।

# मगर जातिको इतिहास र भर्तीको फन्दा बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

लेखक, इतिहासकार तथा अधिवक्ता मनोज घर्तीमगरद्वारा लिखित अनुसन्धानमुलक इतिहासका दुइ पुस्तक बजारमा आएका छन् ।

''मगर जातिको इतिहास'' र "भर्तीको फन्दा" पुस्तकको दोस्रो संस्करण हालै बजारमा आएका हुन् । इतिहास तथा संस्कार र संस्कृति गरि दुई भागमा विभाजित ''मगर जातिको इतिहास'' पुस्तक १७६ पृष्ठको छ । पुस्तकमा मगर जातिको परिचय, मगर जातिको प्राचीनता, मगरको उत्पत्ति, कसरी भयो मगर नामाकरण ? मगरात, मगरको मुल थलो, मगर राज्य र राजाहरु, मगरका थर र उपथर, मगर भाषा, धर्म संस्कार, पूजा संस्कार, कर्म संस्कार, विवाह संस्कार, मगर समुदायका लोकबाजा लगायतका विषय समेटिएका छन्। पुस्तकको प्रकाशक हङकङ निवासी कविता थापामगर हुन् । यसैगरि २०७१ सालमा प्रकाशित भर्तीको फन्दा पुस्तकको परिमार्जित दोस्रो संस्करणमा पनि बजारमा आएको छ । पिपलतुङ रिसर्च एण्ड डेभलपमेन्ट हब ललितपुरले प्रकाशन गरेको २६० पृष्ठको भर्तीको फन्दा गोर्खा सैनिकको इतिहास सम्बन्धी पुस्तक हो ।

'भर्तीको फन्दा केवल गोर्खा भर्तीको इतिहासमा सीमित छैन, यसले नेपाली समाज, खासगरिः मगर, गुरुङ, राई, लिम्बू लगायतका समुदायहरूको जीवन, संस्कार, संघर्ष र मनोविज्ञानलाई गहिरो रूपमा विश्लेषण गरेको छ' प्रकाशन संस्था पिपलतुङ रिसर्च एण्ड डेभलपमेन्ट हबका अध्यक्ष माया रोकामगरले भनिन्,' तत्कालिन समयमा राज्यले नै केही निश्चित जातिलाई छानिछानि भर्ती पठाइएको र




त्यसले नेपाली समाजमा पारेको गहिरो असरलाई कृतिले उजागर गरेको छ ।'

पुस्तकले "लाहुरे" संस्कृतिको आकर्षण र त्यसका अन्तरनिहित पीडाहरूलाई ऐतिहासिक प्रमाण र जीवन्त कथनमार्फत प्रस्तुत गरिएको यस पुस्तकले स्थापित धारणा र विमर्शलाई नयाँ दृष्टिकोणबाट पुनर्विचार गर्न प्रेरित गरेको छ ।

अध्यक्ष रोकामगरका अनुसार पुस्तकले इतिहासलाई केवल गौरवगाथाको रूपमा मात्र नभई आलोचनात्मक दृष्टिले हेर्ने प्रयास समेत गरेको छ । यसले राज्य, समाज र व्यक्तिबीचको सम्बन्धलाई पुनः परिभाषित गर्दै, विगतका अभ्यासहरूको वर्तमानमा परेको प्रभावबारे गम्भीर बहसको ढोका खोलेको छ। "भर्तीको फन्दा" ले पाठक, अनुसन्धानकर्ता, नीति निर्माता तथा सरोकारवालाहरूबीच अर्थपूर्ण संवाद र बहसलाई थप सशक्त बनाउनेछ ।

लेखक मनोज घर्तीमगरले केही दिनमै पोखरा र काठमाडौंमा बृहत कार्यक्रम गरि किताबको विमोचन गर्ने बताएका छन् । उनले पाठकलाई सहज रुपमा उपलब्ध होस् भन्ने हेतुले विमोचन अगावै पुस्तक बजारमा पठाइएको सुनाए। नेपाल खुल्ला विश्वविद्यालयमा मगर इस्टजिका अध्यापक लेखकले त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा पिएचडी गर्दैछन् ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २२ पार्किङ स्थल देखि स्तुपासम्मको सिंडी बाटो पुनः निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नाम : पार्किङ स्थलदेखि स्तुपासम्मको सिंडीबाटो निर्माण वडा नं. २२
उपभोक्ता समितिको नाम : पार्किङ स्थलदेखि स्तुपासम्मको सिंडीबाटो निर्माण वडा नं. २२ उपभोक्ता समिति
योजना सम्झौता मिति : २०८२/०९/०७
योजना सुरु मिति : २०८२/०९/०८
योजना सम्पन्न हुने मिति : २०८२/१२/१२
महानगरपालिकाबाट : रु. १५,००,०००/-
उपभोक्ताबाट : रु. १,६७,११५/४२
योजनाको कुल लागत : रु. १६,६७,११५/४२

**उपभोक्ता समिति**
अध्यक्ष : सुदिप वि.क. उपाध्यक्ष : कृष्ण प्रसाद बराल
सचिव : अनिल बराल कोषाध्यक्ष : सुमित्रा कामी सुनार
सदस्यहरु: सरस्वती सुनार, दिपक सुनार र अश्मिता वि.क.
**अनुगमन समिति संयोजक** : वडा सदस्य कृष्ण कुमारी पौडेल
सदस्य : दिनेश बराल (टोल विकास संस्था)
सदस्य : वोधराज बराल

# महिलालाई आयआर्जनमा जोड्न पञ्चैबाजा तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ चैत

परम्परागत मौलिक बाजाको संरक्षण र महिलालाई आत्मनिर्भर बनाउन यहाँको बेनी नगरपालिका-४ सिङ्गाका महिलालाई पञ्चैबाजा बजाउने तालिम दिइएको छ।

शिवालय सामुदायिक सिकाइ केन्द्रको आयोजनामा वडाका महिला र आमा समूहका प्रतिनिधिलाई पञ्चैबाजा बजाउने तालिम दिइएको हो । एक महिनासम्म सञ्चालन भएको तालिममा १६ महिला सहभागी थिए। उनीहरुलाई बाजा बजाउन सिकाइएको सिकाई केन्द्रका परिचालक सीता कुँवर थापाले बताउनुभयो।



विवाह, ब्रतबन्ध, छेवरलगायत शुभकार्यमा पञ्चैबाजा बजाउन बाहिरदेखि वाद्यवादक ल्याउनुपर्ने बाध्यता हटाउन र महिलाको आयआर्जन वृद्धिका लागि पञ्चैबाजा बजाउने तालिम सञ्चालन गरिएको सिकाई केन्द्रका अध्यक्ष भरतप्रसाद शर्माले बताउनुभयो।

सो तालिमका लागि चालु आर्थिक वर्षमा वडा कार्यालयको सिफारिसमा बेनी नगरपालिकाले एक लाख ५० हजार रुपैयाँ र सीप विकास तालिमका लागि गण्डकी प्रदेश सरकारले एक लाख ७० हजार रुपैयाँ अनुदान प्रदान गरेको थियो । पञ्चैबाजामा सहनाइ, ढोलकी, ट्याम्को, दमाहा, झ्याली र कर्नल समावेश हुन्छन्।

सिप सिकेकालाई व्यावसायिक रूपमा बाजा बनाउने पेसामा आबद्ध गराउन एक सेट बाजा पनि उपलब्ध गराइएको वडा अध्यक्ष अणबहादुर खड्काले बताउनुभयो।

# नेपाल टेलिकमको सेवामा सुधार: डाटा सकिँदा स्वत: पैसा नकाटिने

**रासस**
काठमाडौं, २४ चैत

नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन्।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो । विशेषगरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ।

सञ्चार मन्त्रालयले ‘नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली’ लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ । यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ । यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए । यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढंगले काम गरिरहेका छन्। नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वतः मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए । अब यो प्रणाली अन्त्य गरिएको छ। यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैँ छान्न सक्ने विकल्पसहितको सेवा पाउनेछन् । अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइनेछ । जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ। यससँगै ‘पे-एज-यू-गो’ (पिएवाईजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ। जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ । साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पिएवाइजी मोडमा जाने भन्ने निर्णय आफैँ गर्न सक्नेछन्।

नेपाल टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार यो प्रणाली हाल परीक्षण चरणमा रहेको र केही दिनभित्रै पूर्ण रूपमा लागू हुनेछ । उहाँका अनुसार ‘युएसएसडि’मार्फत खरिद गरिने डाटा प्याकमा यो सुविधा तीनदेखि पाँच दिनभित्र लागू हुनेछ भने नेपाल टेलिकमको मोबाइल एप प्रयोग गर्ने ग्राहकका लागि सातदेखि १० दिनभित्र कार्यान्वयनमा आउनेछ । यसले डिजिटल माध्यममार्फत सेवा प्रयोग गर्ने ग्राहकहरूलाई अझ सहज अनुभव दिने विश्वास लिइएको छ। नेपाल टेलिकमका ग्राहक सेवा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन ‘वन टाइम केवाइसी’ प्रणाली लागू गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ। यसबाट ग्राहकले एकपटक मात्र आफ्नो विवरण बुझाएपछि भविष्यमा फेरि त्यही विवरण पेस गर्नुपर्ने झन्झट अन्त्य हुने जनाइएको छ । अहिले सिम कार्ड लिन, नवीकरण गर्न वा अन्य सेवा लिन जाँदा बारम्बार कागजात पेस गर्नुपर्ने समस्या थियो । जसले ग्राहकलाई हैरानी दिँदै आएको थियो।

नयाँ प्रणाली लागू भएपछि सेवा प्राप्ति प्रक्रिया छिटो, सरल र झन्झटरहित हुने अपेक्षा गरिएको छ। यो प्रणाली आगामी ३० दिनभित्र कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य राखिएको छ।

डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै नेपाल टेलिकमले आफ्ना विभिन्न सेवाहरू पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी पनि तीव्र बनाएको छ । ई-सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुनःप्राप्ति तथा सिम स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू अब घरमै बसेर अनलाइन माध्यमबाट लिन सकिनेछ। यसले विशेषगरी दुर्गम क्षेत्रका ग्राहकलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ । साथै कार्यालयमा हुने भीड घटाउने र सेवा वितरणलाई थप व्यवस्थित बनाउने ठानिएको छ।

ग्राहक सेवा सुधारकै अर्को महत्वपूर्ण पक्षका रूपमा ‘एकल विन्दु सेवा’ सहायता कक्ष स्थापना गर्ने योजना अघि सारिएको छ । मन्त्रालयको कार्ययोजनाअनुसार नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिनेछ र ग्राहकले एकै ठाउँबाट आफ्ना सबै समस्याको समाधान पाउनेछन् । यसले विभिन्न काउन्टर धाउनुपर्ने बाध्यता अन्त्य गर्ने र सेवा प्राप्तिको समय घटाउने अपेक्षा गरिएको छ।

यससँगै, फोरजी मोबाइल नेटवर्क सेवाको गुणस्तर सुधार गर्ने काम पनि भइरहेको छ । हाल देशका विभिन्न स्थानमा फोरजी सेवा कमजोर रहेको गुनासो व्यापक रूपमा उठ्दै आएको छ।

यस समस्यालाई समाधान गर्न नीतिगत व्यवस्था परिमार्जन गर्ने र थप फ्रिक्वेन्सी उपलब्ध गराउने तयारी भइरहेको मन्त्रालयले जनाएको छ । आगामी ३० दिनभित्र आवश्यक नीतिगत सुधार सम्पन्न गरी सेवा गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखिएको छ।

# म्याग्दीमा शैक्षिक सत्र अगावै पाठ्यपुस्तक भित्रियो

**रासस**
म्याग्दी, २४ चैत

आगामी शैक्षिक सत्र २०८३ को लागि म्याग्दीका सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई वितरण गरिने पाठ्यपुस्तक जिल्लामा भित्रिएको छ।

पुस्तक व्यवसायीहरूले शैक्षिक सत्र अगावै पाठ्यपुस्तक भित्र्याएर विद्यालयहरूलाई वितरण गर्न थालेका हुन्। नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घ म्याग्दीका अध्यक्ष नारायण शर्माले पोखरास्थित जनक शिक्षा सामग्री केन्द्रबाट आवश्यक पुस्तक खरिद गरी बेनी ल्याइसकेको जानकारी दिनुभयो।



“विगत १० वर्षदेखि म्याग्दीका पुस्तक व्यवसायीहरूले बेनीमा सामूहिक रूपमा बिक्री कक्ष स्थापना गरेर विद्यालयमा पुस्तक पुऱ्याउन गरेको अभ्यासलाई यसपालि पनि निरन्तरता दिएका छौं,” उहाँले भन्नुभयो, “नयाँ शैक्षिक सत्रको पठनपाठन सुरु हुनुअघि नै यही महिनाभित्र सबै विद्यालयमा पुस्तक पुऱ्याउने लक्ष्यसहित बिक्री कक्ष सञ्चालन गरेका छौं ।” भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रका विद्यालयहरूलाई प्राथमिकता दिएर जिल्ला शिक्षा विकास तथा समन्वय इकाइको तथ्याङ्कअनुसार पुस्तक प्याकिङ गरेर पालिकाको केन्द्रमा रहेका पुस्तक पसलसम्म ढुवानीको व्यवस्था मिलाएको पनि शर्माले बताउनुभयो। आजदेखि पुस्तक विद्यालयमा पठाउन सुरु गर्ने उहाँले बताउनुभयो।

महासङ्घमा आबद्ध २८ जना पुस्तक व्यवसायीहरूले संयुक्त रूपमा बिक्री कक्ष सञ्चालन गरेका हुन् । महासङ्घमा आबद्ध नभएका पुस्तक व्यवसायी भीमबहादुर श्रेष्ठले पनि माग अनुसारका पुस्तक भित्र्याएर वितरण गर्न थालिसकेको बताउनुभयो।

म्याग्दीका सामुदायिक विद्यालयका कक्षा १ देखि १० सम्म १७ हजार ३३६ सेट पुस्तक आवश्यक पर्छ । निजी विद्यालयहरूमा करिब छ हजार विद्यार्थी छन्। बालकक्षामा एक हजार ९०६, कक्षा १ मा एक हजार ४६४, कक्षा २ मा एक हजार ३४५, कक्षा ३ को एक हजार ४०२ र कक्षा ४ को एक हजार ४६६ जना विद्यार्थीलाई लक्षित गरेर पुस्तक ल्याएको महासंघका सचिव ध्रुवराज सुवेदीले बताउनुभयो।

कक्षा ५ मा एक हजार ५२७, कक्षा छ मा एक हजार ६१०, कक्षा ७ मा एक हजार ६०१, कक्षा ८ मा एक हजार ७०६, कक्षा ९ मा एक हजार ७३२ र कक्षा १० मा एक हजार ४९७ विद्यार्थी रहेका छन्। उक्त सङ्ख्याका विद्यार्थीका लागि यस वर्ष १३ हजार २४५ थान पुस्तक म्याग्दी आइपुगेका छन् । गत वर्षको मौज्दात रहेको पुस्तक पनि रहेकाले अभाव नहुने सचिव सुवेदीले बताउनुभयो।

# छोरेपाटन माविमा विज्ञान समूहका विद्यार्थीको बिदाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

छोरेपाटन माध्यमिक विद्यालयका कक्षा १२ विज्ञान समूहका विद्यार्थीलाई शुभकामना सहित विदाइ गरिएको छ।

विद्यालयको संयोजन तथा कक्षा ११ विज्ञान समूहका विद्यार्थीको आयोजनामा आइतबार एक कार्यक्रमका बीच कक्षा १२ का विद्यार्थीको विदाइ गरिएको हो। कार्यक्रममा भनाई राख्दै शिक्षक अभिभावक संघका अध्यक्ष इन्द्रबहादुर खत्रीले विद्यार्थीको शैक्षिक सफलताको कामना गर्दै जीवनमा शिक्षा नै महत्वपूर्ण पूँजी भएको उल्लेख गरे।



विद्यालय व्यवस्थापन समितिका सदस्य देवीप्रसाद वस्यालले विद्यार्थीको अनुशासन, लगनशीलता र सिर्जनात्मक क्षमताको प्रशंसा गर्दै आगामी जीवन यात्रामा निरन्तर मेहनत र सकारात्मक सोचका साथ अघि बढ्न आग्रह गरे। प्रधानाध्यापक डिल्लीराम शर्मा भुषालले विद्यार्थीलाई आत्मविश्वास, परिश्रम एवम् नैतिक मूल्य-मान्यताका आधारमा भविष्य निर्माण गर्न प्रेरित गर्दै समयको सदुपयोग गर्दै लक्ष्यप्रति केन्द्रित बन्न सुझाए।

सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले आगामी बोर्ड परीक्षाको सफलताको कामना गर्दै सिकेका ज्ञान र सीपले नै भोलिको जीवनको मार्गदर्शन गर्ने स्पष्ट पारे। कक्षा १२ का सुशान्त पौडेलले कार्यक्रम आयोजना गरेकोमा विद्यालय तथा कक्षा ११ का विद्यार्थी प्रति धन्यवाद दिए । कक्षा ११ का विद्यार्थी समृद्धि तिमिल्सीना, सोनियाँ रेग्मी लगायतले दाइदिदीको विदाइ सम्मान अविस्मरणीय हुने सुनाउँदै त्यसक्रममा आफ्ना अनुभव, अनुभूति प्रस्तुत गरे। कार्यक्रमका बीच विद्यार्थीले विभिन्न प्रस्तुति राखे।

कक्षा ११ का आयुष बरालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विद्यार्थी सोनियाँ रेग्मीले स्वागत तथा संचालन विद्यार्थी सुबीर रेग्मी, राजन पौडेल, दीक्षा पोखेल र किञ्जल पोखेलले संयुक्त रुपमा गरे। बाल विकासदेखि कक्षा १२ सम्म संचालित छोरेपाटन माविमा हाल दुई हजार ३ सय बढी विद्यार्थी अध्ययनरत छन्।जसअन्तर्गत कक्षा ११, १२ तर्फ विज्ञान, शिक्षा, व्यवस्थापन तथा सामाजिक समूहका कक्षा सञ्चालित छन्।

# उज्यालो बागलुङ कार्यक्रम: ‘हाइमास्ट’ प्रविधिको सडक बत्ती जडान

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ चैत

बागलुङमा पहिलोपटक बागलुङ बजारमा हाइमास्ट प्रविधिको सडक बत्ती जडान गरिएको छ।

बागलुङ बजारका मुख्य चोक, पर्यटकीयस्थल, बसपार्क तथा अस्पताल क्षेत्रमा हाइमास्ट प्रविधिको सडक बत्ती जडान गरिएको हो। बागलुङ नगरपालिका र नेपाल विद्युत् प्राविधिकरणको साझेदारी बजेटमा उक्त सडक बत्ती जडान गरिएको हो।

उज्यालो बागलुङ कार्यक्रमअन्तर्गत पहिलो चरणमा बागलुङ बजारको मुख्य १० स्थानमा हाइमास्ट प्रविधिको बत्ती जडान गरिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । नगरप्रमुख श्रेठका अनुसार क्रमश नगरलाई नै उज्यालो बनाउने अभियानले निरन्तरता दिने उहाँको भनाइ छ।

नगरपालिकाले उज्यालो बागलुङ अभियानअन्तर्गत नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा सडकमा बत्ती जडान गरिएको हो।

नगरपालिकाको ६५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणका ३५ प्रतिशत लागत साझेदारीमा हाइमास्ट प्रविधिको सडक बत्ती जडान गरिएको इन्जिनियर सोविन घर्तीले जानकारी दिनुभयो। कूल रु ३६ लाख ८२ हजार लागतमा पहिलो चरणमा १० वटा मिटरसहितका सडक बत्ती जडान गरिएको हो । राजमार्ग, पहुँच सडक, वडा सिमाना सडक, रणनीतिक महत्व र व्यावसायिक चहलपहल बढी हुने क्षेत्र, मन्दिर बसपार्क र अस्पतालमा सडकमा बत्ती जडान गरिएको हो । यात्रु, बजारमा सामान खरिद गर्ने ग्राहक, विद्यार्थी, आन्तरिक तथा बाह्य पर्यटकलाई रात्रिकालीन सुरक्षा र सहजताको लागि उज्यालो बागलुङ अभियानअन्तर्गत बत्ती जडान गरिएको हो।

बागलुङ जिल्लाकै प्रवेशद्वार मालढुङ्गा, कालिका भवगती मन्दिर प्रवेशद्वार, धौलागिरि अस्पताल, ट्राफिक चोक, चिप्लेटी बसपार्क, जिल्ला प्रशासन, बाघ चोक, अस्पताल रोड, व्यारोक चोक र बागलुङ बसपार्कमा पहिलो चरणमा स्मार्ट बत्ती जडान गरिएको हो । अग्लो पोलमा जडान गरिने शक्तिशाली बत्तीले बजारलाई झलमल बनाउन सहज बनाउने इन्जिनियर घर्तीले जानकारी दिनुभयो । मुख्यतया सहरका चोक, ठूला सडक, रङ्गशाला र खुला क्षेत्रहरूमा हामास्ट प्रविधियुक्त सड बत्ती प्रयोग गर्न थालिएको छ । ठूलो क्षेत्रफलमा उज्यालो प्रदान गर्दै सहरलाई आधुनिक तथा सुरक्षित बनाउन सहयोग गर्ने भएकाले बत्ती जनालाई निरन्तरता दिने नगर प्रमुख श्रेष्ठको भनाइ छ।

# कालीगण्डकीको धारै परिवर्तन गरेर दोहन

**रासस**
बागलुङ, २४ चैत

आफ्नै गतिमा बगेको कालीगण्डकी नदीको धारै परिवर्तन गरेर दोहन भएको छ।

बर्खाको समयमा मध्यरातमा दोहन गरिरहने कालीगण्डकीको बागलुङ क्षेत्रमा हिउँदमा कालीगण्डकीको धार नै परिवर्तन गरेर मापदण्डविपरीत ढुङ्गा तथा बालुवा उत्खनन् गर्ने गरेको पाइएको छ । बागलुङ नगरपालिका-१३ कालाखोला बगरमा नदीलाई पर्वत जिल्लातर्फ फर्काएर नदीजन्य पदार्थ निकालिएको छ।

नगरपालिकाले कालाखोला बगर, भाटेखोला र गलुवा खोलासहितका बगरहरू ठेक्कामा लगाए पनि नदीलाई नै सङ्कटमा पारेर दोहोन भएको छ। बागलुङ-१० गलुवा र बागलुङ-१३ कालाखोला बगरमा हिउँदमा कालीगण्डकीमा थोरै पानी बग्दा नदीको धारनै फर्काएर दोहन गर्ने गरेको पाइएको छ। बागलुङ नगरपालिकाले हिउँदमा नदीजन्य पदार्थ निकाल्न ठेक्कामा लगाए पनि नदी दोहन मापदण्ड विपरित भएको सरोकारवालाले बताएका छन् । कालीगण्डकी नदीको दोहनले बागलुङ र पर्वत दुबै खण्डमा भूक्षय, बाढी पहिरो तथा नदी छेउका बस्तीमा समेत क्षति पुऱ्याउन थालेको पाइएको छ। कालाखोला बगरमा नदीलाई पर्वततर्फ फर्काएर २५० मिटरभन्दा बढी लम्बाइ, ५० मिटरभन्दा बढी चौडाइ र सात मिटरभन्दा गहिराइमा नदीजन्य पदार्थ ठूला उपकरणको सहायताले निकालिएको अनुगमनमा पाइएकाले कारबाही गर्न नगरपालिकालाई जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले जानकारी दिनुभयो।

प्रमुख थापाले ३० प्रतिशत मानवसाधन प्रयोग गर्नुपर्नेमा सत प्रतिशत उपकरणको प्रयोग भएकाले नदीको संरचनानै फेरबदल भएको बताउनुभयो । “दोहन रोक्न सबैको समन्वय चाहिन्छ, अहिले नगरपालिकाले राजस्व उठाएको छ, तर नगरपालिकाले दिएको मापदण्डविपरीत दोहोन भएको पाइएको छ, मापदण्डअनुसारको नदीजन्य पदार्थ र अवैध नदीजन्य पदार्थको ठहर प्राविधिकको प्रतिवेदनमा उल्लेख छ।

प्रमुख थापाले भन्नुभयो, “नगरपालिकाले अनुमति दिएकोभन्दा बढी उत्खनन गरेको पाइए कारबाही हुन्छ, नगरपालिकाको सम्झौताभन्दा बढी दोहान भएकाले कारबाही गर्न भनेका छौं।”

कालीगण्डकी नदी दोहन चौतर्फी दबाबका बीच नदीमै पुगेर अनुगमन गर्न थालिएको हो । कालाखोला आसापास र गलुवा क्षेत्रमा बढी दोहन भइरहको छ। वातावरणिय प्रभाव मूल्याङ्कन गरेर बागलुङ नगरपालिकाले बढीमा दुई मिटरसम्म गहिराइबाट नदीजन्य पदार्थ निकाल्न अनुमति दिए पनि आठ मिटरसम्म गहिराइ बनाएको पाइएको छ।